# नेपाल : सिद्धिपुरमा खाने पानी तथा सरसफाईका लागि सामुदायिक पहल एक प्रतिवेदन

## एशिया दिगो बिकासको लागि शिक्षा सम्बन्धी ESD परियोजना

## (Asia Good Practice Project (AGEPP))




सिद्धिपुर गाउँ बिकास समिति (गा.वि.स.)मा भौतिक पुर्वाधारहरू जस्तै खानेपानी, फोहर व्यवस्थापन, सार्वजनिक बाटोघाटो, सार्वजनिक यातायात प्रणाली आदिको स्थिति बढ्दो शहरीकरण तथा जनसंख्या बृद्धिलाई ध्यानमा राख्दा राम्रो अवस्था छैन । यसले गर्दा शहरी वातावरण जस्तै हावा, पानी प्रदुषण छन् । घरेलु फोहर अब्यस्थित रूपमा राखेको छ । ललितपुर जिल्लाको ४० गाविस मध्ये सिद्धिपुर काठमाडौ उपत्यका भित्रको एउटा गाविस हो । यो ६००० जनसंख्या भएको अर्ध शहरी क्षेत्रको रूपमा विकसित गाउँ हो । गाउँका बड्दो जनसंख्यालाई चाहिने मात्रामा खानेपानी पुर्त्ति गर्न नसक्नुका साथै सो खानेपानी दुषित भई पिउन योग्य छैन । खास गरी समुदायका मानिसहरू सबै किसान परिवार भएकोले खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनाको कमि छन् । यी समस्याहरूको समाधानको लागि सिद्धिपुर एकिकृत खानेपानी तथा सरसफाई परियोजना लागु भएको छ । सिद्धिपुरका खानेपानी तथा सरसफाई उपभोक्ता समितिले यो परियोजना संचालन गरिएको छ । सेप्टेम्बर २००५ देखि लागु गरिएको सो परियोजना UN Habitat, Water Aid नेपाल, एकिकृत शहरी विकास केन्द्र र ENPHO संस्थाहरूको सहयोगमा संचालन भएको छ । परियोजनाको मूख्य उद्देश्य भनेको सिद्धिपुर गाविसमा स्वच्छ तथा पर्याप्त मात्रामा खानेपानीको आपुर्त्ति गर्नुका साथै सरसफाई कार्यक्रमलाई अगाडि बढाई वातावरण सुधार समेत गर्नु पनि हो ।

यस परियोजनाको ब्यवस्थापन तथा संचालन खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट हुन्छ । यसको सम्पूर्ण दायित्व सो उपभोक्ता समितिलाई दिएको छ । यसले सेवा उपभोग गर्नेहरूसंग कर समेत उठाई कार्यक्रम चलाइन्छन् ।





<u>संचालन प्रकृया :</u>

***खाने पानी आपूर्ति :*** खानेपानी आपुर्त्तिका लागि आकासे पानीको संकलन गर्ने टैंकी तथा प्रशोधन टैंकी र वितरण टैंकीको निर्माण गरेको छ ।






***सरसफाइ :*** सिद्धिपुर गाविसको प्रत्येक घरमा इको स्यान चर्पीको निर्माण गरी मानिसको मलमुत्र फोहरलाई कम्पोष्ट मल बनाई घरबाटै नै फोहरको व्यवस्थापन गरी आएको छ ।




***क्षमता अभिबृद्धि गर्ने कृयाकलापहरू :*** उपभोक्ता समुहका लागि विभिन्न तालिम कृयाकलापहरूको संचालन गरियो । त्यसैगरी प्रयोगात्मक ज्ञानको लागि सो समूहलाई एउटा स्थलगत भ्रमणको पनि आयोजना भएको छ ।



***जनचेतना अभिवृद्धि कार्यक्रम :*** विभिन्न प्रकारका जनचेतना अभिवृद्धि हुने कार्यक्रमहरूको संचालन गरी जनसमुदायमा खानेपानी तथा सरसफाई र वातावरण सम्बन्धी विषयहरूमा प्रत्यक्ष जानकारी गराइएको छ ।






*समुदायको लागि खानेपानी तथा सरसफाई विषयक शिक्षा :*

- वडास्तरीय महिला सदस्यहरूको समूह गठन गर्ने ।
- साक्षरता कक्षाका सहभागीहरूलाई खानेपानी तथा सरसफाई सम्बन्धी शिक्षा प्रदान गर्ने ।
- स्थानिय विद्यालय स्तरका विद्यार्थीहरूलाई पानी तथा सरसफाई परियोजनाबारे जानकारी दिने ।







यसरी यो परियोजनाको संचालन पछि सिद्धिपुर गाउँमा पहिले भन्दा धेरै सफा सुग्घर भएको र आफ्नो घरको घरेलु फोहर आफैले व्यवस्थापन गरी कम्पोष्ट मल उत्पादन गरेका छन् । सो मल आफ्ना खेतबारीमा प्रयोग गरी उत्पादन बढाई राखेका छन् भने सो मलको विक्रि वितरण गरेर पैसा पनि कमाइ राखेका छन् । यसरी सो परियोजनाले समुदायलाई आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएमा समुदाय आफैले योजना बनाई राम्रो संग कार्यान्वयन लागु गर्न सकिन्छ भन्ने कुरालाई पुष्टि गरेका छन् । त्यसैले यो परियोजना एशियाको AGEPP को लागि एउटा राम्रो परियोजना हुने देखी यहाँ प्रस्तुत गरिएको हो ।



## सिद्धिपुर खानेपानी तथा सरसफाई परियोजना कार्यान्वयन गर्ने संस्था :

संस्थाको नाम : सिद्धिपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सिद्धिपुर ।
ठेगाना : सिद्धिपुर गाविस
देश : नेपाल
फोन नं. : ९७७ - ०१ -
फ्याक्स् नं. : ९७७ - ०१ -
इमेल : nrc-nfe@acculrc.wlink.com.np
URL : http://www.nrc-nfe.org.np

## यो प्रतिवेदन प्रस्तुत गर्ने व्यक्ति :

दिल बहादुर श्रेष्ठ
निर्देशक, अनौपचारिक शिक्षा राष्ट्रिय श्रोत केन्द्र, नेपाल ।
सातदोबाटो, ललितपुर ।
फोन नं. : ९७७ - ०१ - ५५३४४१६
फ्याक्स् नं. : ९७७ - ०१ - ५५४१६८९
इमेल : nrc-nfe@acculrc.wlink.com.np